त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति :२०८३/०४/२७

# इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत पुल्चोक क्याम्पसको बी.ई./बी.आर्क. तहमा भर्ना सम्बन्धी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०८३/०८४ को बी.ई./बी.आर्क. तहमा भर्नाका लागि २०८३ साल श्रावन महिनामा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुका लागि निम्नानुसारको कार्यक्रम प्रकाशन गरिएको छ ।

| कार्यक्रम | मिति र समय |
|---|---|
| १. भर्नाका लागि आवेदन फारम (online Application From ) भर्ने | २०८३ साउन २९ गते विहान १०:०० बजे देखि भाद्र २ गते अपरान्ह ३.०० बजेसम्म |
| २. आवेदकहरुको नामावली प्रकाशन | २०८३ भाद्र ३ गते बिहान १०.०० बजे |
| ३. प्राथमिकता थपघट वा संशोधन | २०८३ भाद्र ३ गते बिहान ११.०० बजे देखि २.०० बजेसम्म |
| ४.आवेदकहरुको अन्तिम नामावली प्रकाशन | २०८३ भाद्र ३ गते साझँ ६.०० बजे |
| ५. आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०८३ भाद्र ४ गते बिहान ८.०० बजे |
| ६. आर्किटेक्चर झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०८३ भाद ४ गते बिहान ११.००बजे |
| ७. प्रथम सूची प्रकाशन | २०८३ भाद्र ७ गते बिहान १०.०० बजे |
| ८ प्रथम सूची उपर दावि विरोध | २०८३ भाद्र ७ गते बिहान ११.०० बजे देखि अपरान्ह २.०० बजे सम्म |
| ९. संशोधित प्रथम सूची प्रकाशन | २०८३ भाद्र ७ गते साझाँ ६ .०० बजे |
| १०. प्रथम सूचीको भर्ना | २०८३ भाद्र ८, ९,१०,११ गते बिहान ११.०० बजे अपरान्ह ३.०० बजेसम्म(कार्यक्रम अनुसारको विस्तृत तालिका प्रथम सूचीसगै प्रकाशन गरिनेछ। |
| ११. दोस्रो सूची प्रकाशन | २०८३ भाद्र १४ गते बिहान १०.०० बजे |
| १२. दोस्रो सूची उपर दावि विरोध | २०८३ भाद्र १४ गते बिहान ११.०० बजेदेखि अपरान्ह २.०० बजेसम्म |
| १३. संशोधित दोस्रो सूची प्रकाशन | २०८३ भाद्र १४ गते साझँ ६.०० बजे |
| १४. दोस्रो सूचीको भर्ना | २०८३ भाद्र १५,१६,१७ गते बिहान ११.०० बजे अपरान्ह ३.०० बजेसम्म |
| १५. तस्रो सूची प्रकाशन | २०८३ भाद्र २१ गते बिहान १०.०० बजे |
| १६. तेस्रा सूची उपर दावि विरोध | २०८३ भाद्र २१ गते बिहान ११.०० बजे देखि २.००बजेसम्म |
| १७. संशोधित तेस्रा सूची प्रकाशन | २०८३ भाद्र २१ गते साझँ ६.०० बजे |
| १८. तेस्रो सूचीको भर्ना | २०८३ भाद्र २२ र २३ गते बिहान ११.०० बजे देखि अपरान्ह ३.०० बजेसम्म |
| १९. रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०८३ भाद्र २४ गते बिहान १०.०० बजे |

**द्रष्टव्यः** उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## १) Online Form भर्ने व्यवस्था:

यस क्याम्पसमा स्नात्तक तहका विभिन्न कार्यक्रमहरुमा भर्ना हुनका लागि Online Application Form भर्ने व्यवस्था गरिएकाले २०८३ साउन २९ गते विहान १०:०० बजेदेखि २०८३ भदौ २ गते अपरान्ह ३:०० बजेसम्म Online Form भर्न सकिनेछ । यो फाराम यस क्याम्पसको भर्नाको Website: **pcampus.edu.np** मा उपलब्ध हुनेछ । फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरी साथै राख्नु पर्नेछ ।

- Online Form भर्दा आवेदकले आफूले चाहेको विषय अनुसारको प्राथमिकताक्रम तोकि आवेदन दिनु पर्नेछ ।
  - Online Form भर्दा आवेदकले अनिवार्य रुपमा नागरिकताको Scanned Copy Upload गर्नु पर्नेछ । विदेशी नागरिकले सम्बन्धित देशको पासपोर्ट वा राजदुतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको प्रमाणित पतिलिपि Upload गर्नु पर्नेछ ।
- कोटामा आवेदन दिन चाहने आवेदकहरुले आवेदन गर्दा कोटा तर्फ बाटै Online Form अनिवार्य भर्नु पर्नेछ ।
- कोटाका आवेदकहरुले खुला सिटका लागि पनि आवेदन दिन चाहेमा दुबै तर्फ छुट्टा छुट्टै फाराम भर्नु पर्नेछ । यस्ता आवेदकहरुको नाम कोटा तर्फ प्रकाशित भएमा निजहरुको नाम खुला तर्फको सूचीबाट स्वतः हट्ने छ ।

## २) आवेदन शुल्क भुक्तानी गर्दा ध्यान दिनुपर्ने कुराहरु:

क) भर्नाका लागि Online Application Form भर्दा प्रति विषय रु.५००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि बिषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई बिषय मानिनेछ । आवेदक आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै दाखिला गर्नु पर्नेछ । यस्तो शुल्कको हिसाब क्याम्पस भर्नाको Website बाट पनि गर्न सकिनेछ । आवेदन शुल्क भुक्तानि गर्दा निम्न विधि अनुसार गर्न सकिनेछ ।

- उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड, पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खातामा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ । बैंक भाउचर भर्दा Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2083-16026 भएमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ ।
- उल्लेखित शुल्क विभिन्न eWallet सेवा प्रदायक (जस्तैः eSewa, Khalti, ConnectIPS, सिद्धार्थ बैंक लिमिटेडको Bank Smart) मार्फत पनि गर्न सकिनेछ । यस विधिबाट भुक्तानि गर्दा आवेदकको पुरा नाम, साल बाहेकको IOE Entrance Exam को Roll No.(जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2083-16026 भएमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ) र आवश्यक रकम राखि गर्नुपर्ने छ ।

ख) आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु.५००।- लाग्नेछ ।

## ३) प्राथमिकता क्रममा थपघट वा संशोधन:

Online Form भर्दा तोकेको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०८३ भाद्र ०३ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजे सम्ममा थपघट वा संशोधन गर्न सकिनेछ । कार्यक्रम थपघट वा संशोधनका लागि निम्नानुसारको थप शुल्कको बैंक भाउचर सलंग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ । प्राथमिकता संशोधन शुल्क रु.५००।- लाग्नेछ । बिषय थप गर्नु परेमा प्रति बिषय रु.५००।- लाग्नेछ ।
प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुने छैन ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## ४) सुरक्षित कोटामा आवेदन गर्ने सम्बन्धमा

सुरक्षित कोटामा आवेदन दिन चाहने आवेदकहरुले आवेदन गर्दा कोटाको तर्फ बाटै Online Form अनिवार्य भर्नु पर्नेछ ।

- भर्ना सम्बन्धी जानकारी पुस्तिका २०८३ को दफा ६ को उपदफा ६.१ को लागि आवेदक महिला भएमा महिला कोटाको लागि स्वत योग्य हुनेछन् ।
- उपदफा ६.२, ६.३ र ६.४ मा उल्लखित कोटाहरूको लागि आवेदन गर्नको लागि इ.अ.सं. ले प्रकाशन गरेको कोटा सम्बन्धी सुचीमा नाम उल्लेख भएका योग्यता पुगेका आवेदकहरुले मात्र सम्बन्धित योग्य कोटामा मात्र आवेदन दिन पाउनेछन् ।
- पूर्णशुल्किय तर्फको आवेदकले यस आरक्षण कोटामा आवेदन दिएको खण्डमा आरक्षण कोटामा दिएको आवेदन स्वतः रद्द हुनेछ ।
- आरक्षण प्राप्त गर्ने व्यक्तिले झुठो विवरण पेश गरी आरक्षण सुविधा लिएको प्रमाणित भएमा निजको भर्ना रद्द गरी कानुन बमोजिम कारवाही हुनेछ ।
- उपदफा ६.३ समाबेशी विपन्न आरक्षण कोटामा भर्ना हुने विद्यार्थीलाई लाग्ने सम्पूर्ण शुल्क नियमित विद्यार्थी सरहको हुनेछ।
- उपदफा ६.४ (क) र ६.४ (ख) का लागि प्रायोजन गर्ने सस्थाबाट प्रायोजित आवेदकहरु बीचको प्रतिस्पर्धाको आधारमा यी सिटहरुमा भर्ना गरिनेछ ।
- आवेदन दिने आवेदक भर्नाको लागि छनौट भएमा भर्ना हुन आउँदा प्रायोजन गर्ने निकायबाट चेक मार्फत एकमुष्ठ रकम भुक्तानी गर्नु पर्नेछ ।
- उपदफा ६.५ अनुसारको विदेशी आवेदकका लागि आवेदन गर्दा आवेदनको क्रममा सम्बन्धित देशको पासपोर्ट वा राजदुतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्र Upload गर्नुपर्नेछ ।

## ५) आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरुः

(क) यस क्याम्पसमा सबै कार्यक्रमहरुको नियमित र पूर्णशुल्किय गरी १६ प्राथमिकताहरु छन । आवेदकले प्रवेश परीक्षामा प्राप्त गरेको योग्यताक्रम (Rank) का आधारमा Online Application Form मा उल्लेखित प्राथमिकताहरु क्रमानुसार भर्ना सूची प्रकाशन गरिने भएकोले Online Application Form मार्फत आवेदन दिँदा बढिमा १६ प्राथमिकताहरु मध्ये आफूले इच्छाएको कार्यक्रमहरुमा क्रम तोकी आवेदन दिनु पर्नेछ ।

(ख) तल्लो प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भईसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता क्रममा स्वतः नाम प्रकाशित हुनेछ ।

(ग) माथिल्ला प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भएका आवदेकले तल्लो प्राथमिकताका कार्यक्रममा परिवर्तन गर्न पाउने छैनन् ।

(घ) कुनै आवेदकले आफूले प्राथमिकताक्रममा राखेको तल्लो प्राथमिकताक्रममा नाम प्रकाशित भई भर्ना भएमा मात्र पछिल्ला सूचीहरुमा आवेदकहरुको योग्यताक्रमले भ्याएमा तोकेका माथिल्लो प्राथमिकताका कार्यक्रमहरुमा नाम प्रकाशन गरिनेछ ।

कुनै आवेदकको नाम आफूले तोकेको तल्लो प्राथमिकताको कार्यक्रममा प्रकाशित भएमा निज पछिल्ला सूचीहरुमा माथिल्लो प्राथमिकताको कार्यक्रममा जान तल्लो प्राथमिकताको कार्यक्रममा भर्ना भएकै हुनु पर्नेछ ।

जस्तैः कुनै आवेदकले पहिलो प्राथमिकता कम्प्युटर इन्जिनियरिङ्ग नियमित, दोस्रो प्राथमिकता सिभिल पूर्णशुल्किय तथा तेस्रो प्राथमिकता आर्किटेक्चर नियमित कार्यक्रमका लागि आवेदन गरेको र यस्ता आवेदकको नाम कुनै

भर्ना सुचीमा आर्किटेक्चर नियमित कार्यक्रममा प्रकाशन भई निज आर्किटेक्चर कार्यक्रममा भर्ना नभएको खण्डमा भर्ना प्रक्रियाबाट बाहिरिनेछ ।

(ङ) कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निक्लेमा निजले पूर्णशुल्किय कार्यक्रमका लागि आवश्यक थप रकम जम्मा गरी अनिवार्य भर्ना हुनु पर्नेछ । भर्ना नभएमा निजको भर्ना खारेज गरिनेछ ।

तसर्थ आफूलाई इच्छा नलागेको कार्यक्रमलाई प्राथमिकतामा नभर्नुहुन सूचित गरिन्छ ।

(च) भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना हुँदा आफू माथिल्लो प्राथमिकतामा अव उप्रान्त नसर्ने भनी आवेदक स्वयमले भर्ना समितिमा लिखित निवेदन दिएमा मात्र निज भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

## ६) भर्ना हुँदा ध्यान दिनुपर्ने कुराहरुः

(क) भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।

(ख) कारणवश अघिल्ला कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसकि निजले पुनः भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिनेहरुको निवेदन दिएको लगत्तै पछि निस्कन लागेको सूचि पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार नाम समावेश गरिने छ ।

## ७) भर्ना हुनको लागि पेश गर्नुपर्ने कागजात तथा शुल्कः

(क) इन्जिनिरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा वोर्डद्वारा संचालित बी.ई. ⁄ बी.आर्क तहको प्रवेश परीक्षामा उत्तीर्ण गरेको Score Card १ प्रति ।

(ख) एस.ई.ई वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र, सम्बन्धित बोर्डले प्रदान गरेका प्रमाणपत्र (नभएमा Provisional Certificate) र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ ⁄ १ प्रति ।

(ग) त्रि.वि. वा मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह (+२), A Level मा भौतिक शास्त्र, रसायन शास्त्र तथा ११ र १२ कक्षामा गणित विषय लिई वा इन्जिनिरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कुल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत अकं तथा NEB को हकमा Letter Grading भएमा सबै विषयमा Final Grade मा न्युनतम C Grade प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्कपत्र (Transcript), सम्बन्धित वोर्डले प्रदान गरेको प्रमाणपत्र (नभएमा Provisional Certificate), चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ ⁄ १ प्रति ।

(घ) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति । विदेशी आवेदकका लागि सम्वन्धित देशको पासपोर्ट वा राजदुतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति ।

(ङ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।

(च) त्रि.वि. बाहेकका अन्य विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह वा राष्ट्रिय परीक्षा बोर्ड ⁄ उच्च माध्यमिक शिक्षा परिषद वाहेक सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेट (Migration Certificate) र समकक्षताको प्रमाणपत्र (Equivalance Certificate) को सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(छ) निम्न अनुसारको शुल्क ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## २०८३/०८४ मा बि.इ. /बि. आर्क तर्फका कार्यक्रम हरुमा भर्ना हुन लाग्ने शुल्क

| विवरण | क. नियमित शुल्क (प्रति सेमेस्टर) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नियमित | पूर्णशुल्कीय | विदेशी विध्यार्थी | प्रायोजित | |
| शिक्षण शुल्क | २८६२.०० | ४६८५४.०० | १३४७५५.०० | ६०९१०.०० | |
| प्रवेश पत्र शुल्क | २००.०० | २००.०० | २००.०० | २००.०० | |
| प्रयोगशाला शुल्क | २००.०० | २००.०० | २००.०० | २००.०० | |
| पुस्तकालय शुल्क | ५०.०० | २००.०० | २००.०० | २००.०० | |
| परिक्षा शुल्क | ३०६२.०० | ३०६२.०० | ३०६२.०० | ३०६२.०० | |
| परिक्षा केन्द्र शुल्क | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | |
| परिक्षा फारम शुल्क | १००.०० | १००.०० | १००.०० | १००.०० | |
| खेलकद शुल्क | २०.०० | २०.०० | १००.०० | २०.०० | |
| विध्यार्थी यूनियन शुल्क | १५.०० | १५.०० | १००.०० | १५.०० | |
| विध्यार्थी कल्याण शुल्क | १५.०० | १५.०० | १५०.०० | १५.०० | |
| खेलकद विकाश कोष | ५०.०० | १००.०० | १५०.०० | १००.०० | |
| क्याम्पस विकाश कोष | १५०.०० | ९२५.०० | ४०००.०० | ९२५.०० | |
| क्याम्पस मर्मत कोष | १००.०० | ९२५.०० | ४०००.०० | ९२५.०० | |
| **जम्मा (प्रति सेमेस्टर)** | **६९७४.००** | **५२७६६.००** | **१४७१६७.००** | **६६८२२.००** | |

| विवरण | ख. अन्य शुल्क ( एकपटक मात्र ।) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नियमित | पूर्णशुल्कीय | विदेशी विध्यार्थी | प्रायोजित | |
| क्याम्पस संचालन तथा पूर्वाधार विकाश | ६०९५.०० | १२२५०४.०० | २७०७३५.०० | १२२५०५.०० | भर्ना हुदा एकपटक मात्र । |
| त्रि.वि. दर्ता शुल्क | ५००.०० | ५००.०० | २०००.०० | ५००.०० | भर्ना हुदा एकपटक मात्र । |
| परिचयपत्र शुल्क | २००.०० | २००.०० | २००.०० | २००.०० | भर्ना हुदा एकपटक मात्र । |
| विध्यार्थी स्वास्थ्य विमा | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | भर्ना हुदा एकपटक मात्र । |
| **जम्मा** | **७२९५.००** | **१२३७०४.००** | **२७३४३५.००** | **१२३७०५.००** | |

| विवरण | ग. धरौटी ( एकपटक मात्र ।) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नियमित | पूर्णशुल्कीय | विदेशी विध्यार्थी | प्रायोजित | |
| पुस्तकालय धरौटी | १२००.०० | ५०००.०० | ५०००.०० | ५०००.०० | भर्ना हुदा एकपटक मात्र । |
| प्रयोगशाला धरौटी | ५००.०० | १००००.०० | १००००.०० | १००००.०० | भर्ना हुदा एकपटक मात्र । |
| क्याम्पस धरौटी | १७००.०० | २५०००.०० | १०००००.०० | २५०००.०० | भर्ना हुदा एकपटक मात्र । |
| **जम्मा** | **३४००.००** | **४००००.००** | **११५०००.००** | **४००००.००** | |

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

| विवरण | नियमित | पूर्णशुल्कीय | विदेशी विध्यार्थी | प्रायोजित | कैफियत |
|---|---|---|---|---|---|
| जम्मा क ख र ग | १७६६९.०० | २१६४७०.०० | ५३५६०२.०० | २३०५२७.०० | |
| इन्टरनेट | ६००.०० | ६००.०० | ६००.०० | ६००.०० | प्रत्येक सेमेस्टर |
| इन्जीनियरिंग परिषद * | १०००.०० | १०००.०० | १०००.०० | १०००.०० | भर्ना हुदा एकपटक मात्र। |
| **भर्ना हुदा लाग्ने जम्मा शुल्क** | **१९२६९.००** | **२१८०७०.००** | **५३७२०२.००** | **२३२१२७.००** | |

- परीक्षा शुल्क सम्बन्धमा नियमित र पूर्णशुल्किय विद्यार्थीको लागि क्रमश: त्रि.वि. र इ.अ.सं. बाट परिमार्जन भएमा सोही अनुसार हुनेछ ।
- दर्ता शुल्क सम्बन्धमा यस भन्दा अगाडि त्रि.वि. मा दर्ता नभएकाहरुलाई मात्र देहाय अनुसार त्रि.वि. दर्ता शुल्क लाग्नेछ :
- स्वदेशबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीका लागि रु. ५००।-
- विदेशीबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीका लागि रु. १०००।-
- छात्रावास मर्मत कोष शुल्क छात्रावासमा भर्ना हुने विद्यार्थीहरुका लागि मात्र लाग्नेछ ।
- उपरोक्त वाहेक त्रि.वि. ले तोकेको अन्य कुनै शुल्क परिवर्तन हुन सक्ने छ ।
- भर्ना सम्बन्धी जानकारी पुस्तिका २०८३ को बुँदा नं. ६.४ को प्रावधान अनुसारको प्रायोजित कोटाको शिक्षण शुल्क व्यक्तिगत पूर्णशुल्किय कार्यक्रमको शिक्षण शुल्कभन्दा ३० प्रतिशत बढी हुनेछ ।
- Engineering Council को दर्ता लगायतका शुल्कहरु विद्यार्थी स्वयम्ले व्यहोर्नु पर्नेछ ।
- प्रवेश परीक्षामा उत्तीर्ण भई यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुले इ.अ.सं. बाट प्रकाशित भर्ना सम्बन्धी जानकारी पुस्तिका २०८३ र भर्ना सम्बन्धी विस्तृत सूचना ध्यान दिएर पढ्न हुन र सूचना बमोजिम तोकिएको मितिमा तोकिएको प्रक्रिया पुरा गर्नुहुन ध्यानाकर्षण गराइन्छ ।

## ८) बी.आर्क कार्यक्रममा भर्नाको सम्बन्धमा

- बी.आर्क (आर्किटेक्चर) कार्यक्रममा भर्नाका लागि आवेदन दिने आवेदकहरुले मिति २०८३ भाद्र ०४ गते बिहान ०८:०० बजे यस क्याम्पसद्धारा संचालन गरिने झुकाव परीक्षा (Aptitude Test) दिनुपर्नेछ ।
- झुकाव परीक्षा (Aptitude Test) मा अनुपस्थित भएमा वा अनुत्तीर्ण भएमा त्यस्ता विद्यार्थीहरु आर्किटेक्चर कार्यक्रममा भर्ना हुनका लागि योग्य हुने छैनन् (कुनै पनि आंगिक क्याम्पसमा दिइएको झुकाव परीक्षाको नतिजा मान्य हुनेछ)।
- आर्किटेक्चर कार्यक्रममा प्राथमिकता तोकी आवेदन दिने आवदेकहरुलाई झुकाव परीक्षा (Aptitude Test) को लागि थप रु.५००।- लाग्नेछ ।


5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- यसपछिका कार्यक्रमहरुका लागि मिति २०८३ भाद्र २४ गते सूचना प्रकाशित गरिनेछ ।

अध्यक्ष
भर्ना समिति २०८३/०८४
पुल्चोक क्याम्पस

**बैंक भाउचर नमुनाः**



SiddharthaBank

DEPOSIT SLIP
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type : खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य
A/C No. खाता नं.
CASH नगद
CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS
Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक नं. | Drawee Bank-Branch चेक लेखिएको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | |
|---|---|
| 1000 x | = |
| 500 x | = |
| 250 x | = |
| 100 x | = |
| 50 x | = |
| 25 x | = |
| 20 x | = |
| 10 x | = |
| 5 x | = |
| 2 x | = |
| 1 x | = |
| Coins | = |
| TOTAL जम्मा | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Remittance रेमिट्यान्स | Others (Please Specify) अन्य (खुलाउनुहोस्)

Deposited by जम्मा गर्ने  Name नाम RAM CHANDRA CHAUDHARY  Sign हस्ताक्षर Ram
EXAM ROLL NO. 16026

Bank's copy